प्रदेश सरकार (म.प.) को २०७५।१२।१३ को निर्णयबाट स्विकृत

# खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश २०७५

**तयार पार्ने**

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

धनगढी, कैलाली

# खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश २०७५

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेशको खप्तड क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक, प्राकृतिक र ऐतिहासिक सम्पदाहरुको संरक्षण, व्यवस्थापन गर्दै आकर्षक पर्यटक स्थलको रुपमा विकास गर्ने उद्देश्यले खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समितिको गठन गर्न वाञ्छनीय भएकोले सुदूरपश्चिम प्रदेशको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश सरकारले देहाय बमोजिमको आदेश जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति गठन आदेश २०७५" रहेको छ ।

(२) यो आदेश सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमाः-

(क) **"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) **"कार्यकारी निर्देशक"** भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) **"खप्तड क्षेत्र"** भन्नाले खप्तड क्षेत्र भित्र अवस्थित धार्मिक क्षेत्र, खप्तड दह, नागढुंगा, भीम ढुंगा र डँफिकोट समेतका क्षेत्र तथा वरपरका मध्यवर्ति क्षेत्र सम्झनुपर्छ ।

(घ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले प्रदेश सरकारले समय समयमा निर्णय गरी तोकिदिएको भन्ने सम्झनु पर्छ ।

(ङ) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठन भएको खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

(छ) **"मन्त्रालय"** भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

**३. समितिको गठनः** (१) खप्तड क्षेत्रको प्राकृतिक, वातावरणीय, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको संरक्षण एवम् सम्बर्द्धन गर्नका लागि 'खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति' नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्ः-

(क) प्रदेश सरकारले तोकेको डोटी, बाजुरा, बझाङ र अछाम चार जिल्लाभित्र स्थायी बसोबास भएको राष्ट्रिय वा प्रादेशिक स्तरमा ख्याति प्राप्त व्यक्ति - अध्यक्ष

(ख) डोटी, बाजुरा, बझाङ्ग र अछाम जिल्लाका जिल्ला समन्वय समितिका प्रमुखहरु - सदस्य

(ग) खप्तड क्षेत्र विकासमा विशिष्ट योगदान पुऱ्याउदै आएका व्यक्तिहरुमध्येबाट प्रदेश सरकारले मनोनित गरेका समितिको क्षेत्र भित्रका ४ वटै जिल्लाका १/१ जनाका दरले जम्मा ४ जना - सदस्य

(घ) पर्यटन व्यवसायमा संलग्न प्रदेश भित्रको महिला १ जना - सदस्य

(ङ) कार्यकारी निर्देशक - सदस्य सचिव

(३) देहायका योग्यता भएको व्यक्ति समितिको अध्यक्ष वा सदस्यमा नियूक्त हुन सक्नेछ ।

(क) ३५ वर्ष उमेर पुगेको, डोटी, बाजुरा, बझाङ र अछाम, चार जिल्ला भित्र स्थायी बसोबास भएको नेपाली नागरिक ।

(ख) कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

(ग) बैंकको ऋण नतिरि प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको ।

(घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

(४) खप्तड क्षेत्रमा पर्ने डोटी, बाजुरा, बझाङ र अछाम जिल्लाका प्रदेश सभाका सभासदहरूलाई समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ ।

(५) समितिका सदस्यहरुको पद रिक्त हुने अवस्थाः

(क) उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष आफ्नो पदबाट राजीनामा दिएमा ।

(ख) दफा ३ को उपदफा (३) बमोजिम योग्यता कायम नरहेमा ।

(ग) प्रदेश सरकारले निजलाई पदमुक्त गरेमा ।

(घ) निजको मृत्यु भएमा ।

(६) समितिको गठन प्रदेश सरकार (मन्त्रीपरिषद) बाट हुनेछ । समितिको कार्यअवधि नियुक्ती भएको मितिबाट बढीमा चार वर्षको हुनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खप्तड क्षेत्रको प्राकृतिक सम्पदा तथा वातावरणको संरक्षण गर्ने, गराउने ।

(ख) खप्तड क्षेत्रको विभिन्न स्थानलाई महत्वका आधारमा धार्मिक क्षेत्र, साँस्कृतिक क्षेत्र,, पर्यटकीय क्षेत्र तोकी तदनुसार त्यस क्षेत्रको विकासको लागि योजना तयार गरी कार्यान्यवन गर्ने, गराउने।

(ग) खप्तड क्षेत्र र सोको वरपर क्षेत्रका बासिन्दाहरुको दैनिक जीविकोपार्जनको लागि रोजगारी सृजना तथा शिपमूलक घरेलु उद्योग सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

(घ) खप्तड आश्रमसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्धित रहेका कुटी (ऋषि आश्रम), खप्तड बाबाको जीवनयापन, साधना र दिनचर्याका क्रममा प्रयोग गरेका सरसमान तथा अन्य चीज वस्तुहरु ऐतिहासिक तथा पुरातात्विक महत्वको रुपमा संरक्षण र सम्बर्द्धन र प्रदर्शन गर्न सहयोग गर्ने ।

(ङ) खप्तड बाबाका कृतिहरु, पाण्डुलिपि, पुस्तक तथा लेखहरु संकलन, प्रकाशन, संरक्षण तथा प्रदर्शन गर्न सहयोग पुऱ्याउने ।

(च) खप्तड बाबा ऋषि आश्रम तथा वरपरको क्षेत्रमा यज्ञ मण्डप, धर्मशाला, संस्कृत पाठशाला तथा वेद विद्याश्रम स्थापना गराउने र त्यहाँ वेद वेदान्त, रुद्रि, होम, पुराण जस्ता धार्मिक कार्य गर्ने, गराउने ।

(छ) खप्तड क्षेत्रमा सरकारी तथा गैरसरकारी स्तरबाट सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुमा समन्वय कायम गराउने ।

(ज) तीर्थयात्री तथा पर्यटकहरुको खाने बस्ने सुविधाको लागि पहाडी जनजीवन र संस्कृति झल्कने किसिमको ठाउँ-ठाँउमा विश्राम गृह, होटल, लज आदिको व्यवस्था गर्ने, गराउने ।

(झ) खप्तड बाबा ऋषि आश्रमको महत्व दर्शाउन सम्मेलन, गोष्ठी तथा प्रदर्शनीको आयोजना गर्ने, गराउने ।

(ञ) खप्तड क्षेत्रको विकास योजना तथा कार्यक्रमको कार्यान्वयनको लागि प्रदेश सरकारको स्वीकृति लिई आवश्यक समन्वय तथा सम्पर्क कायम गरी आवश्यक स्रोत साधन जुटाउने ।

(ट) धार्मिक, आध्यात्मिक तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने ।

(ठ) खप्तड क्षेत्रको पवित्रता कायम राख्न विभिन्न सूचना, आदेश र निर्देशन जारी गरी आह्वान गर्ने ।

(२) समितिले उपदफा (१) बमोजिम निकुञ्ज क्षेत्रमा काम गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा अन्य प्रचलित कानूनको अधिनमा रही खप्तड राष्ट्रिय निकुञ्जसँग समेत समन्वय गरी कार्य सम्पादन गर्नेछ ।

**५. समितिको बैठकः** (१) समितिको बैठक बर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य सचिवले बैठक बस्नुभन्दा कम्तिमा पन्ध्र दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. कार्यकारी निर्देशकः** (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान, वाणिज्य शास्त्र, पर्यटन व्यवस्थापन, अर्थशास्त्र, प्राकृतिक स्रोत व्यवस्थापन, ग्रामिण विकास सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर गरेको व्यक्तिलाई प्रदेश सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार बर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले पद अनुरुप काम नगरेमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

(ख) समितिको अल्प, मध्य, दिर्घकालीन योजना तथा वार्षिक कार्यक्रम तथा बजेट बनाई स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, कैलाली, नेपाल
२०७४

(ग) सचिवालयको प्रमुखको रुपमा काम गर्ने ।

(घ) सचिवालयको काम कारवाहीलाई व्यवस्थित गर्ने, गराउने ।

(ङ) सचिवालयको प्रशासनिक प्रमुखको हैसियतले गर्नु पर्ने काम गर्ने ।

(च) प्रचलित कानून बमोजिमका अन्य काम गर्ने, गराउने ।

(६) कार्यकारी निर्देशकले समितिले तोके बमोजिमको सेवा सुविधा पाउने छ । समितिले त्यस्तो सेवा सुविधा उपलब्ध गराउदा आफ्नो श्रोत साधन हेरी अधिकतम नेपाल सरकारको निजामती सेवाको उपसचिवले पाउने सरहको सेवा सुविधा उपलब्ध गराउने छ ।

**७. जनशक्ति तथा वजेट सम्बन्धी व्यवस्थाः** (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिम समितिको लागी आवश्यक पर्ने कर्मचारीहरु प्रदेश सरकारले व्यवस्थापन गर्नेछ ।

(३) समितिको लागि आवश्यक बजेट प्रदेश सरकारले स्वीकृत गरे बमोजिम मन्त्रालयले उपलब्ध गराउनेछ ।

**८. समितिको खाताः** (१) समितिको एउटा छुट्टै खाता हुनेछ र सो खातामा तोकिए बमोजिमका रकमहरु रहनेछन् ।

(२) समितिको खाता लेखा समूहको लेखा उत्तरदायी कर्मचारी र मन्त्रालयले तोकेको कुनै निजामति कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**९. लेखा र लेखा परीक्षणः** (१) समितिको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परिक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) प्रदेश सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी वा जिन्सी सम्बन्धमा जुनसुकै बखत जानकारी लिन सक्नेछ ।

**१०. उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) दफा ३ बमोजिमको समितिले यो आदेश बमोजिम आफूले गर्नु पर्ने काम सुचारु रुपले गर्न, गराउनको निमित्त आवश्यकतानुसार छोटो अवधिको लागि उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीहरुको काम, कर्तव्य र अधिकार प्रचलित कानून बमोजिम समितिले तोके बमोजिम हुनेछ ।

**११. बैठक भत्ताः** समितिका अध्यक्ष तथा सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत आर्थिक मामिला तथा योजना मन्त्रालयले बनाएको नर्मस् बमोजिम बैठक भत्ता पाउनेछन् ।

**१२. निर्देशन दिन सक्नेः** प्रदेश सरकारले समितिद्वारा गरिने काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१३. अधिकार प्रत्यायोजनः** समितिले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. प्रदेश सरकारसँग सम्पर्कः** समितिले आफ्नो काम कारवाहीको सिलसिलामा प्रदेश सरकारसँग सम्पर्क राख्नुपर्दा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश मार्फत राख्नु पर्नेछ ।

**१५. प्रतिवेदन पेश गर्नेः** समितिले वर्ष भरि सम्पादन गरेका मुख्य मुख्य काम कारवाहीहरु स्वीकृत गरेको योजना तथा कार्यक्रम र सो अनुसार भएका काम तथा उपलब्धी सहितको वार्षिक प्रतिवेदन तयार गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष भदौ मसान्तसम्म पेश गर्नु पर्नेछ ।

**१६. समितिको कार्यालयः** समितिको मूख्य कार्यालय मन्त्रालयबाट तोकिएको खप्तड क्षेत्रमा रहनेछ ।

**१७. निर्देशिका र कार्यविधि बनाउन सक्नेः** यस आदेशमा उल्लेखित उद्देश्य पुरा गर्न समितिले प्रचलित ऐन, कानून र यस गठन आदेश विपरित नहुने गरि निर्देशिका र कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**१८. बचाउः** यो आदेश प्रारम्भ हुनु पूर्व खप्तड क्षेत्र पर्यटन विकास समितिले सम्पादन गरेको काम, कारवाही यसै आदेश बमोजिम सम्पादन भएको मानिनेछ र समितिको स्वामित्वमा रहेका चल अचल सम्पत्ति यस समितिको कार्यालयमा हस्तान्तरण गर्नुपर्नेछ ।